# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking Government of Nepal)

## प्रेश विज्ञप्ति

नेप्सेले मिति २०७५/०८/२३ गते आइतबारदेखि लगानीकर्ताहरु लाई पूर्ण स्वचालित अनलाइन कारोबार प्रणालीमा पहुँच प्रदान गरेको सर्वविदितै छ। यस क्रममा सदस्य दलाल र ग्राहकबीच अनलाइन कारोबार गर्ने/गराउने सम्बन्धमा सम्झौतापत्रमा हस्ताक्षर भई कार्यारम्भ भइसकेको छ। नेप्सेको अभिलेख अनुसार आज मिति २०७५/०८/२६ गते बुधबार सम्म २२ जना ग्राहकले सम्बद्ध सदस्य दलालसँग सम्झौता गरी युजरनेम तथा पासवर्ड प्राप्त गरेका छन्। हितग्राही खातासमेत एकीकृत भएका उल्लिखित संख्याका ग्राहकमध्ये ३ जनाले कारोबार थालेका छन्।

सदस्य दलालसँग सम्झौता गरी युजरनेम तथा पासवर्ड माग गरेका कतिपय लगानीकर्ताको हितग्राही खाता सम्बन्धी विवरण पूर्ण रुपमा उपलब्ध नभएको, एउटै हितग्राही खाता धेरै सदस्य दलाल तथा ग्राहकको कारोबार खातामा देखिन गएकोले कारोबारमा सहजता ल्याउन सबै सदस्य दलालहरु लाई सच्च्याउन पठाइएको र सो को विवरण प्राप्त गर्ने कार्य भइरहेको छ। यससँगै ती ग्राहकहरुलाई सिडिएससीको प्रणालीसँग एकिकृत गरी युजरनेम र पासवर्ड प्रदान गर्ने कार्य जारी राखिएको छ। तसर्थ पूर्व प्रकाशित सूचना अनुसार डिम्याट खाता सम्बन्धी विवरण दुरुस्त नभएका लगानीकर्ताको कारोबार आदेशलाई नेप्सेको प्रणालीले स्वीकार नगर्ने भएकाले सम्बद्ध सदस्य दलाल व्यवसायीसँग सम्पर्क गरी आफ्नो डिम्याट खाता सम्बन्धी विवरण सच्याउन पुनः आह्वान गरिन्छ। यसैगरी नयाँ दर्ता भएका ग्राहकहरुको डिम्याट खाता एकिकृत गर्न नेप्सेले एक ढाँचा तयार गरी सदस्य दलाललाई उपलब्ध गराएको छ।

साथै, यस अघि घोषणा गरिए अनुसार मिति २०७५/०९/१७ गतेदेखि क्लियरिङ बैंकलाई समेत एकीकृत गराई कारोबार सञ्चालन गर्ने गरी आवश्यक तयारी भइरहेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

मिति : २०७५/०८/२६

मुराहरि पराजुली

प्रवक्ता